स्थानीय राजपत्र

मध्यपुर थिमि नगरपालिकाबाट प्रकाशित

बर्ष ९ मध्यपुर थिमि भक्तपुर बैशाख ३१ ,२०८३

भाग २

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम मध्यपुर थिमि नगरपालिकाको नगरकार्यपालिकाले जारी गरेको मध्यपुर थिमि नगरपालिकामा करारमा प्राविधिक कर्मचारी र नगरप्रहरी सेवा करार व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ ( दोश्रो संशोधन २०८३) सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

संवत् २०८३ सालको कार्यविधि, नं.

कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/१/३१

मध्यपुर थिमि नगरपालिकामा करारमा प्राविधिक कर्मचारी र नगरप्रहरी सेवा करार व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ ( दोश्रो संशोधन २०८३)

प्रस्तावनाः

मध्यपुर थिमि नगरपालिकामा करारमा प्राविधिक कर्मचारी र नगरप्रहरी सेवा करार व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ ( पहिलो संशोधन २०८०) मा समसामयिक संशोधन गर्न वाञ्छनीय भएकोले मध्यपुर थिमि नगरपालिकाको नगरकार्यपालिकाले यो कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र परिभाषाः (१) यो कार्यविधिको नाम मध्यपुर थिमि नगरपालिकामा करारमा प्राविधिक कर्मचारी र नगरप्रहरी सेवा करार व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ ( दोश्रो संशोधन २०८३) रहेको छ ।

(२) यो कार्यविधि मध्यपुर थिमि नगरपालिका नगरकार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

(३) मध्यपुर थिमि नगरपालिकामा करारमा प्राविधिक कर्मचारी र नगरप्रहरी सेवा करार व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ (पहिलो संशोधन २०८०) मा संशोधनः

(१) मध्यपुर थिमि नगरपालिकामा करारमा प्राविधिक कर्मचारी र नगरप्रहरी सेवा करार व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ (पहिलो संशोधन २०८०) को दफा ४, ५ र ६ को सट्टा देहाय बमोजिमको दफा ४, ५ र ६ कायम गरिएको छ ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

मोज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

४. छनौट सम्बन्धी व्यवस्थाः दफा ३ बमोजिमका प्राविधिक कर्मचारी र नगर प्रहरी कार्यालयले करारमा राख्ने प्रयोजनको लागि छनौट सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(१) प्राविधिक कर्मचारीको अनुसूचि-१ बमोजिम स्वीकृत कार्य विवरण बमोजिम पद वा सेवा क्षेत्र तथा सम्बन्धित सेवा समूहको योग्यता, पारिश्रमिक, सेवा शर्त समेत तोकी सम्बन्धित कार्यालयको सूचनापाटी/वेभसाईट तथा अन्य कुनै सार्वजनिक स्थलमा अनुसूची-२ बमोजिमको ढाँचामा कम्तीमा ७ ( सात) दिनको सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) आवेदन फारामको नमूना अनुसूची -३ बमोजिम हुनेछ। आवेदन दस्तुर अधिकृत स्तरको कर्मचारीको लागि रु. १०००। सहायक स्तर पाचौं तहको कर्मचारीको लागि रु. ७००। सहायक स्तर चौथो तहको लागि रु. ५०० र श्रेणी बिहिनका लागि रु.३००।

(३) उपदफा (२) बमोजिम पर्न आएका आवेदनहरु तहगत पदको हकमा देहायको आधारमा दफा ५ को समितिले मूल्याङ्कन गरी छनौट गर्नुपर्नेछ :

क. लिखित परीक्षा : ४० (चालिस) अङ्क

| पूर्णाङ्क | उतिर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न संख्या × अङ्क भार | समय | कैफियत |
|---|---|---|---|---|---|
| ४० | १६ | वस्तुगत बहु वैकल्पिक | ४०×१= ४० | ३० मिनेट | वस्तुगत बहुवैकल्पिक प्रश्नको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर वापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ । |

ख. शैक्षिक योग्यता बार्पत - २० (वीस) अङ्क

(विशिष्ट श्रेणी वापत २०(वीस) अङ्क, प्रथम श्रेणी वापत १८(अठ्ठार) अङ्क, द्वितीय श्रेणी वापत १६(सोह्र) अङ्क र तृतीय श्रेणी वापत १४ (चौध) अङ्क)

ग. स्थानीय बासिन्दालाई देहाय बमोजिम - १० (दश) अङ्क

१. मध्यपुर थिमि नगरपालिकाको बासिन्दा भएमा - १०(दश) अङ्क

२. भक्तपुर जिल्लाको बासिन्दा भएमा - ५(पाँच) अङ्क

३. अन्य जिल्लाको बासिन्दा भएमा - ०(शुन्य) अङ्क

घ. प्रयोगात्मक परीक्षा : १० (दश) अङ्क

ङ. अन्तवार्तामा अधिकतम २० अङ्क । यस अनुसार अङ्क प्रदान गर्दा न्युनतम ८ (आठ) र अधिकतम १४ (चौध) को सीमाभित्र रही प्रदान गर्नुपर्नेछ ।

(४) उपदफा (१) बमोजिम आवेदन माग गर्दा प्राविधिक कार्यका लागि आवश्यक पर्ने व्यवसायिक प्रमाणपत्र (लाईसेन्स) प्राप्त गरेका व्यक्तिले मात्र आवेदन दिन सक्नेछन् ।

(५) लिखित परीक्षामा उत्तिर्ण उम्मेदवारलाई मात्र प्रयोगात्मक र अन्तरवार्ता परीक्षामा सहभागी गराइने छ।

(६) उम्मेदवारको योग्यता : उम्मेदवारको न्युनतम योग्यता देहाय बमोजिम हुनु पर्नेछ।

क. नगर प्रहरी निरीक्षकको लागिः

१ नेपाली नागरिक भएको

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

ओजराज घिमिरे प्रमुख प्रशासकीय अधिकृत

२ मान्यता प्राप्त शैक्षिक संस्थावाट स्नातक तह वा सो सरह उतीर्ण गरेको

३ नेपाल प्रहरी ,सशस्त्र प्रहरी बल वा नेपाली सेनामा एक तह मुनिको पदमा कम्तिमा ५ वर्ष कार्य अनुभव भई अवकाश प्राप्त गरी ४५ बर्ष उमेर ननाघेको

४ कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको .

५ मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिता प्रमाण पत्र

६ सम्बन्धित प्रहरी कार्यालयवाट जारी भएको चारीत्रिक प्रमाण पत्र

७ पुरुषको हकमा घटीमा उचाई ५ फिट २ ईन्च ,छाती ३१ देखी ३३ , तौल ५० के.जी र महिलाको हकमा घटीमा उचाई ५ फिट, तौल ४२ के.जी भएको , आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको

ख. नगर प्रहरी सहायक निरीक्षकको लागिः

१ नेपाली नागरिक भएको

२ मान्यता प्राप्त शैक्षिक संस्थावाट प्रबिणता प्रमाण पत्र तह वा सो सरह उत्तिर्ण गरेको

३ नेपाल प्रहरी ,सशस्त्र प्रहरी बल वा नेपाली सेनामा एक तह मुनिको पदमा कम्तिमा ५ वर्ष कार्य अनुभव भई अवकाश प्राप्त गरी ४५ बर्ष उमेर ननाघेको

४ कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको .

५ मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिता प्रमाण पत्र

६ सम्बन्धित प्रहरी कार्यालयवाट जारी भएको चारीत्रिक प्रमाण पत्र

७ पुरुषको हकमा घटीमा उचाई ५ फिट २ ईन्च ,छाती ३१ देखी ३३ , तौल ५० के.जी र महिलाको हकमा घटीमा उचाई ५ फिट, तौल ४२ क.जी भएको , आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको

ग. नगर प्रहरी जवानको लागिः

१.नेपाली नागरिक भएको .

२. मान्यता प्राप्त शैक्षिक संस्थावाट कक्षा ८ वा तह सो सरह उत्तिर्ण गरेको

३. उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको

४. कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको .

५. मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिता प्रमाण पत्र .

६ सम्बन्धित प्रहरी कार्यालयवाट जारी भएको चारीत्रिक प्रमाण पत्र

७ पुरुषको हकमा घटीमा उचाई ५ फिट २ ईन्च ,छाती ३१ देखी ३३ , तौल ५० के.जी र महिलाको हकमा घटीमा उचाई ५ फिट, तौल ४२ क.जी भएको , आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको

घ. प्राबिधिक कर्मचारीहरुको लागि :

१. उमेर १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको ।महिला तथा अपाङ्गता भएका उम्मेदवारको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

२. शैक्षिक योग्यता : लोकसेवा आयोगवाट तोकिए बमोजिम ।

५. पदपूर्ति समितिः माग पद संख्याका आधारमा कार्यविधिको दफा ४ बमोजिम उच्चतम अंक प्राप्त गरेका उम्मेदवारलाई छनौट गर्न देहायको पदपूर्ति समिति रहनेछः

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको महाशाखा प्रमुख - संयोजक

(ख) नगरपालिकाको अधिकृत स्तरको प्राविधिक कर्मचारी - सदस्य

(ग) नगरपालिकाको अधिकृत स्तरको कर्मचारी - सदस्य-सचिब

६. सफल उम्मेदवारको विवरण प्रकाशन गर्ने : (१) दफा ४ बमोजिम सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारहरु दफा ५ बमोजिमको समितिको सिफारिसको आधारमा कार्यालयले उम्मेदवारहरुको रोल नम्बर, नाम थर र ठेगाना आदि समेत उल्लेख गरी योग्यताक्रम अनुसारको विवरण प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम विवरण प्रकाशन गर्दा आवश्यक पद संख्याको कम्तिमा २५ प्रतिशत वैकल्पिक उम्मेदवारको सूची समेत प्रकाशन गर्नुपर्नेछ । तर आवेदन नै कम परेको अवस्थामा कम उम्मेदवार विवरण प्रकाशन गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिमका योग्यताक्रममा रहेका उम्मेदवारलाई छिटो सञ्चार माध्यमबाट जानकारी गराई सोको अभिलेख समेत राख्नुपर्नेछ ।

(४). मूल कार्यविधि, २०७५ को दफा ७ को उपदफा (१) र (२) को सट्टा देहाय बमोजिमको उपदफा (१) र (२) कायम गरिएकोछ ।

(१) सफल उम्मेदवारलाई ७ (सात) दिनको म्याद दिई करार गर्न सूचना दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधी भित्र करार सम्झौता गर्न आउने सफल उम्मेदवारसँग कार्यालयले अनुसूची -१ बमोजिमको कार्यविवरण सहित अनुसूची -४ बमोजिमको ढाँचामा करार गर्नुपर्नेछ ।उक्त अवधि भित्र सम्पर्क राख्न नआएमा क्रमशः वैकल्पिक उम्मेदवारलाई सूचना दिई करार गर्न सकिनेछ ।

प्रमाणीकरण मिति २०८३।०२।०३

आज्ञाले
भोज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार
रुद्रपुर घिमि नगरपालिका
२०७३